# रोङ गाउँपालिका

# रोङ राजपत्र

खण्ड : १ संख्याः ६ प्रकाशित मितिः २०७४/०८/१५

## भाग-२

# रोङ गाउँपालिकाको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धि अन्तरिम कार्यविधि, २०७४

रोङ गाउँपालिका
२०७३

# रोङ गाउँपालिकाको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धि अन्तरिम कार्यविधि, २०७४

**कार्यपालिका बैठकबाट स्वीकृत मिति : २०७४/०८/१२**

**प्रस्तावना :**

साविक स्थानीय स्वायत्त शासन ऐन, २०५५ खारेज भई “स्थानीय सरकार सञ्चालन ऐन, २०७४” जारी भईसकेको र सो अन्तर्गत नियमावली र कार्यविधि निर्माण हुन बाँकी नै रहेको अवस्थामा रोङ गाउँपालिकाको गाउँसभाबाट स्वीकृत कार्यक्रम तथा बजेटलाई बदलिदो समय र जनचाहना बमोजिम प्रभावकारी ढंगले संचालन एवं व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन गर्दै जनमुखी, मितव्ययी, उत्तरदायी, पारदर्शी, समावेशी, समतामूलक, सहभागितामूलक, दिगो एवं गुणस्तरीय ढंगले कार्यान्वयन गर्दै लैजान नेपाल सरकारबाट नियमावली स्वीकृत भई स्थानीय सरकार सञ्चालन कार्यविधि नबन्दासम्मका लागि निश्चित विधि एवं प्रक्रियाहरु अबलम्बन गर्न उपयुक्त देखिएकोले,

रोङ गाउँ कार्यपालिकाको बैठकबाट **“रोङ गाउँपालिकाको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धि अन्तरिम कार्यविधि, २०७४”** स्वीकृत गरी लागू गरिएको छ ।

## भाग - १

## कार्यक्रम वा आयोजना संचालन व्यवस्थापन

### १. कार्यक्रम वा आयोजना कार्यान्वयन प्रक्रिया :

१) गाउँपालिकाको स्वीकृत कार्यक्रम वा आयोजना कार्यान्वयन प्रक्रिया नियमावली अन्तर्गत कार्यविधि स्वीकृत भई लागू नभएसम्मको लागि देहाय बमोजिम हुनेछ :-

(क) कार्यक्रम वा आयोजना कार्यान्वयन गर्दा आर्थिक कार्य विधि ऐन, २०५५ सार्वजनिक खरिद ऐन, २०६३  र खर्च गर्ने अख्तियारीमा उल्लिखित मार्गदर्शन तथा शर्तहरू समेतको पालना गरी खर्च गर्नुपर्नेछ ।

(ख) सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरीद नियमावली, २०६४ बमोजिम वार्षिक खरिद योजना बनाई कार्यान्वयनमा ल्याएको हुनुपर्नेछ ।

(ग) कार्यक्रम वा आयोजना सञ्चालन गर्दा सामाजिक परिचालनका पक्षलाई समेत विशेष ध्यान दिई सामाजिक परिचालक, विकास साझेदारहरू, विषयगत कार्यालयलाई संलग्न गराउने र यस्ता अभियानमा सामुदायिक संस्था तथा गैर सरकारी संस्थाहरूको समेत सहयोग लिन सकिनेछ ।

(घ) गाउँपालिकाबाट कार्यक्रम वा आयोजना स्वीकृत भएपछि उपभोक्ता समिति मार्फत सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा बढीमा पन्ध्र दिन भित्र उपभोक्ता समिति गठन गरी सम्झौताका लागि सम्पर्क राख्न सम्बन्धित लाभग्राही समूहलाई जानकारी दिनुपर्नेछ । साथै उपभोक्ता समिति गठनको प्रतिवेदन प्राप्त भएपछि मात्र कार्यान्वयन सम्बन्धी सम्झौता गर्न सकिनेछ ।

(ङ) वार्षिक कार्ययोजना तथा खरिद योजना अनुसार समयमै कार्यक्रम वा आयोजना कार्यान्वयनका लागि आर्थिक वर्षको पहिलो चौमासिक भित्रै लागत अनुमान, डिजाईन तयार गरी विनियोजित बजेटको अधीनमा रही ठेक्कापट्टा मार्फत कार्य गराउनु पर्ने भएमा बोलपत्र सम्बन्धी सम्पूर्ण प्रक्रियाहरू पूरा गरिसक्नु पर्नेछ ।

(च) कार्यक्रम वा आयोजना सञ्चालन गर्दा पेश्की दिने कार्यलाई निरूत्साहित गरी कामको आधारमा भुक्तानी दिने प्रणाली अवलम्बन गर्दै पेश्कीशून्य अभियानको शुरूआत गर्नुपर्नेछ । तर स्वीकृत खरिद योजना बमोजिम आयोजना सञ्चालनको लागि पेश्की दिन बाधा पर्ने छैन ।

(छ) कार्यक्रम वा आयोजना सञ्चालन गर्दा वातावरण संरक्षण ऐन, २०५३, वातावरण संरक्षण नियमावली, २०५४ र सामाजिक तथा वातावरणीय सुरक्षाको रूपरेखा, २०६५ बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण ( आई.इ.इ) वा वातावरणीय प्रभाव मूल्याङ्कन (ई.आई.ए) गरेरमात्र सञ्चालन गर्नु पर्नेछ ।

(ज) कार्यक्रम वा आयोजना कार्यान्वयन गर्दा गैरसरकारी संस्थाबाट सञ्चालन, रेखदेख र मर्मत सम्भार गर्ने कार्यका लागि प्रोत्साहन गर्नुपर्नेछ । साथै विषयगत कार्यालय र सामुदायिक संस्थाबाट समेत कार्यक्रम वा आयोजना कार्यान्वयन गर्न प्राथमिकता दिनु पर्नेछ ।

(झ) कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने उपभोक्ता समिति वा अन्य निकायले गाउँपालिकाबाट प्राप्त गर्ने रकम बैङ्किङ सुविधा भएको स्थानमा बैंङ्कमा खाता खोली सञ्चालन गर्नु पर्नेछ । बैङ्किङ सुविधा प्राप्त नभएको स्थानमा राष्ट्रबैंङ्कबाट इजाजत प्राप्त अन्य वित्तीय संस्थामा खाता खोली सञ्चालन गर्न सकिनेछ ।

(ञ) आयोजनाको लागत अनुमान अनुसारका खरिद गर्नुपर्ने निर्माण सामग्रीहरू स्वीकृत खरिद योजना बमोजिम तोकिएको समयभित्रै उपभोक्ता समिति वा आयोजना कार्यान्वयन गर्ने निकाय आफैंले वा

यस्ता निकायहरूको अनुरोधमा गाउँपालिकाले खरिद व्यवस्था गर्न सक्नेछ ।

(ट) प्रचलित कानून बमोजिम आयोजनाको हिसाव किताव राख्ने जिम्मेवारी कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने निकायको हुनेछ । यस्तो हिसाव किताव राख्ने सम्वन्धमा सचिवले आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(ठ) गाउँपालिकाबाट सञ्चालित आयोजनाको विवरण राख्ने, नगदी जिन्सीको लेखा दुरूस्त राख्ने, आन्तरिक लेखा परीक्षण गराउने, नियमित रूपमा भौतिक एवम् वित्तीय प्रगति प्रतिवेदन सम्बन्धित निकायमा पठाउने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित लेखा प्रमुखको हुनेछ ।

(ड) कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने निकायले सम्झौता अनुसार निर्धारित समयमा कार्यक्रम वा आयोजना सम्पन्न गर्नुपर्नेछ ।

(ढ) जानीजानी वा लापरबाहीको कारणबाट तोकिएको समयमा कार्य सम्पन्न नगर्ने उपभोक्ता समिति, संस्था, निकाय वा व्यक्ति आदिसँग गाउँपालिकाले सम्झौता भंग गरी हर्जाना समेत लिई वैकल्पिक व्यवस्था गर्न सक्नेछ ।

(ण) वडा समितिले एकलाख रूपैयाँभन्दा माथिका आयोजना र गाउँपालिकाले दुईलाख भन्दा माथिका आयोजनाको तोकिए बमोजिमको ढाँचामा आयोजना लगत राख्नुपर्नेछ ।

(त) गाउँपालिकाबाट सञ्चालित सबै आयोजनाको आयोजनास्थलमै सार्वजनिक परीक्षण गर्नुपर्नेछ ।

(थ) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि साठीलाख रूपैयाँसम्म लागत अनुमान भएका कार्यक्रम वा आयोजना उपभोक्ता समिति मार्फत् कार्यान्वयन गराउन प्राथमिकता दिनुपर्नेछ ।

२) आयोजना कार्यान्वयन गर्दा कार्यान्वयन तालिका निर्माण गरी अनुसूचीमा तोकिए बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्नेछ । सम्झौतामा उपभोक्ता समितिले पालना गर्नुपर्ने आचारसंहिता लगायतका कुराहरु गाउँपालिकाले थप गर्नुपर्नेछ ।

## २. आयोजनाको लागत अनुमानसम्बन्धी व्यवस्था :

१) गाउँपालिकाले आयोजनाहरुको लागत अनुमान, नक्शा र डिजाइन गाउँपालिकाको सम्बद्ध प्राविधिक कर्मचारी वा उक्त प्रयोजनका लागि खटिएका इन्जिनियर, सव-इन्जिनियर र असिष्टेन्ट सव-इन्जिनियर वा विषय सम्बद्ध प्राविधिकबाट गराउनु पर्नेछ ।

२) आयोजनाहरुको लागत अनुमान (डिजाइन, इष्टिमेट) तयार गर्दा जिल्ला दररेटको भाषामा तयार गर्नुपर्नेछ । तर प्राविधिक दृष्टिकोणले प्राविधिक शब्दावलीहरु नेपाली भाषामा अनुवाद गर्न सम्भव नभएमा विस्तृत लागत अनुमान अंग्रेजीमा तयार गरी लागत तेरिज (अब्स्ट्राक्ट अफ कस्ट) सर्वसाधरणले बुझ्ने गरी नेपाली भाषामा तयार गर्नुपर्नेछ ।

३) लागत अनुमान तयार गर्दा श्रममूलक तवरबाट काम हुनसक्ने कार्यलाई सोही बमोजिम लागत अनुमान तयार गर्नुपर्नेछ । प्राविधिक दृष्टिकोणबाट श्रममूलक तवरबाट काम हुन नसकी मेसिनरी उपकरणको प्रयोग गर्नुपर्ने भनी सम्बन्धित प्राविधिकबाट कारण सहितको सिफारिश प्राप्त भएमा सोही अनुसार स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्नेछ ।

४) लागत अनुमानको परीक्षण र स्वीकृति प्रचलित नियम बमोजिम गर्नुपर्नेछ ।

## ३. उपभोक्ता समिति सम्बन्धी व्यवस्था :

उपभोक्ता समितिको गठन, सञ्चालन, व्यवस्थापन एवम् कार्यक्रम कार्यान्वयन गर्दा देहाय बमोजिमका प्रावधानहरु पालना गर्नु पर्नेछ :-

१) उपभोक्ता समिति वा लाभग्राही समूहबाट आयोजना कार्यान्वयन र सञ्चालन गर्दा आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने घरपरिवारको पहिचान गरी त्यस्ता घरपरिवारको आम भेलाबाट सम्बन्धित आयोजना स्थलमा नै सातदेखि एघार सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ । उपभोक्ता समितिका सदस्यहरुले आफ्नो नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

२) गाउँपालिकाका बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधिको रुपमा गाउँपालिकाको कुनै पनि पदमा आसिन व्यक्ति, बहालवाला सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी, सरकारी पेश्की वा बेरुजु फछ्र्यौट नगरेका व्यक्तिहरु, नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाई उक्त सजाय भुक्तान गरेको तीन वर्ष ननाघेको व्यक्ति, सार्वजनिक सम्पत्ति हिनामिना गरेका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन पाउने छैनन् ।

३) उपभोक्ता समितिका सदस्यहरुमा कम्तीमा तेत्तीस प्रतिशत महिला हुनुपर्नेछ । समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तीमा एकजना महिला पदाधिकारी हुनुपर्नेछ । उपभोक्ता समिति गठन गर्दा समामेशी हुनका साथै उपभोक्ता समितिमा आवद्ध व्यक्तिहरु सामान्यतया साक्षर हुनुपर्नेछ ।

४) एउटै समयमा एक व्यक्ति एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन

साथै एकासंगोलका परिवारबाट एकजनाभन्दा बढी व्यक्ति समितिको सदस्य हुन पाउने छैन् ।

५) उपभोक्ता समिति गठन गर्दा गाउँपालिकाले तोकेको कर्मचारी, वडा समितिका पदाधिकारीहरु वा सामाजिक परिचालकको रोहबरमा गर्नुपर्नेछ । यसरी खटिने कर्मचारी, पदाधिकारी वा सामाजिक परिचालकले उपभोक्ता समिति गठन गरे पछि सो सम्बन्धी प्रतिवेदन गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

६) प्रचलित ऐन, नियम, प्रक्रिया र मापदण्ड विपरित उपभोक्ता समिति वा अनुगमन समिति गठन गरेको वा सिफारिश गरेको पाइएमा यसरी गठन वा सिफारिश गर्ने पदाधिकारी, कर्मचारी, सामाजिक परिचालक, व्यक्ति वा संस्थालाई समेत कारवाही हुनेछ ।

७) उपभोक्ता समितिको गठन सर्वसम्मत तरिकाले गर्नुपर्नेछ । सर्वसम्मत हुन नसकेको अवस्थामा तोकेको विधि अनुसार खटिएका पदाधिकारी, कर्मचारी वा सामाजिक परिचालकले उपभोक्ता समिति गठन गरी सो को जानकारी गाउँपालिकालाई गराउनुपर्नेछ ।

८) गाउँपालिकाबाट कार्यक्रम वा आयोजना स्वीकृत भएपछि उपभोक्ता समिति मार्फत सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा बढीमा पन्ध्र दिन भित्र उपभोक्ता समिति गठन गरी सम्झौताका लागि सम्पर्क राख्न सम्बन्धित उपभोक्ता वा लाभग्राही समूहलाई जानकारी दिनुपर्नेछ । तोकिएको समयभित्र उपभोक्ता समिति गठन भई आउन नसकेमा गाउँपालिकाले सहजीकरण गर्नेछ । उपभोक्ता समिति गठन हुन नसकेमा अन्य बैकल्पिक प्रकृया अवलम्बन गरी आयोजना सञ्चालन गर्न सकिनेछ ।

९) गाउँपालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने छ । यसरी नगद सहभागिता तोकिएको अवस्थामा उपभोक्ता समितिको तर्फबाट व्यहोर्नुपर्ने सहभागिता बापतको रकम गाउँपालिकाको बैंक खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्नेछ । नगद लागत सहभागिता जुटन  नसक्ने आयोजना स्वीकृत भएको अवस्थामा गाउँपालिकाले योजना सम्झौता गरी निर्धारण गरे बमोजिम जनसहभागिता बराबरको काम गरेको प्राविधिक मूल्याङ्कन सहितको प्रतिवेदन प्राप्त भएपछि कार्यप्रगतिको आधारमा आयोजनाको लागि गाउँपालिकाले उपलब्ध गराउने रकमबाट भुक्तानी गर्नुपर्नेछ । लागत सहभागिताको व्यवस्था नभएको कुनैपनि योजना उपभोक्ता समिति मार्फत संचालन गर्न पाइने छैन ।

१०) गाउँपालिकाबाट कार्यक्रम स्वीकृत नभई विगत वर्षमा वा यसै आर्थिक वर्षमा पनि सम्झौता हुनुपूर्व कार्य सम्पन्न गरिएका भनी भुक्तानी माग गरिएको कार्यक्रम वा

आयोजनाहरुमा र आ.व.को अन्त्यमा काम भैसकेको देखाई पछि काम गर्ने गरी कुनै पनि हालतमा उपभोक्ता समितिलाई रकम भुक्तानी दिन पाइने छैन । उपभोक्ता समितिले स्वीकृत कार्यक्रम बमोजिम गरेको कामको मात्र भुक्तानी दिनु पर्नेछ ।

११) तोकिएको काम भन्दा बढी गर्ने वा काम नै नगरी वा वास्तविक कामभन्दा बढी काम गरेको देखाई अथवा कुनै आइटमको सट्टा अर्को आइटमको कार्य पूरा गरेको देखाई लागत अनुमानभन्दा बढी रकम माग्ने उपभोक्ता समितिलाई उक्त रकम भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुको अतिरिक्त सम्बन्धित प्राविधिकलाई समेत कारवाही गर्नुपर्नेछ ।

१२) उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार लगायत आयोजना लागत, निर्माण सामग्रीको परिमाण, आयोजनाको गुणस्तर, राख्नुपर्ने खाता, किस्ता निकाशा तथा भुक्तानी प्रक्रिया, पारदर्शिता, अनुगमन सम्बन्धी व्यवस्थाका बारेमा कार्यक्रम वा आयोजना सम्झौता हुनुपूर्व एक वा सोभन्दा बढी उपभोक्ता समितिहरुका अध्यक्ष, सचिव र कोषाध्यक्षलाई सामूहिक रुपमा अनुशिक्षण कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

१३) उपभोक्ता समितिको बैंक खाता अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ । खाता संचालकहरुको तीनपुस्ते खुलाई आयोजना खाता र गाउँपालिकामा अभिलेख राख्नुपर्नेछ । उपभोक्ता समितिको गठन र यसको बैठकका निर्णयहरुको अभिलेख उपभोक्ता समितिको सचिबले राख्नुपर्नेछ ।

१४) उपभोक्ता समितिले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना अनुसूची बमोजिम सार्वजनिक गर्नुको साथै सम्बन्धित उपभोक्ता र गाउँपालिकालाई जानकारी गराउनु पर्नेछ । गाउँपालिकाबाट कुनै पनि समयमा उपभोक्ता समिति तथा आयोजना कार्यान्वयन गर्ने निकाय वा संघ-संस्थाको आर्थिक कारोबारको बारेमा जाँचबुझ वा निरीक्षण गर्न सकिनेछ ।

१५) उपभोक्ता समिति, गैर सरकारी संस्था वा सामुदायिक संस्थाले आफ्नो खाताबाट पचास हजारभन्दा माथिको आर्थिक कारोबार गर्दा वा भुक्तानी दिँदा बैंक वा वित्तीय संस्थामार्फत गर्नुपर्नेछ ।

१६) सामाजिक परिचालनका माध्यमबाट गठन भएका समूह, सामुदायिक संस्था (जस्तै सामुदायिक वन, सामुदायिकस्तरका सहकारी संस्थाहरु, टोल विकास संस्था, आमा समूह, कृषि समूह, सामुदायिक संगठन आदि) कार्यक्रम वा आयोजना सञ्चालन गर्न इच्छुक भएमा छुट्टै उपभोक्ता समिति गठन नगरी सञ्चालन गर्न सकिने भएमा त्यस्ता समूह मार्फत कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

१७) उपभोक्ता समिति मार्फत सञ्चालन गरिने आयोजनाहरु श्रममूलक प्रविधिमा आधारित रही स्थानीय श्रमको उपयोग र परिचालनलाई उच्च प्राथमिकता दिनुपर्नेछ ।

१८) श्रममूलक प्रविधिबाट कार्य गराउने गरी लागत अनुमान स्वीकृत गराई सोही बमोजिम सम्झौता गरी मेशीनरी उपकरणको प्रयोगबाट कार्य गरेको पाइएमा त्यस्तो उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरी उपभोक्ता समितिलाई भुक्तानी गरिएको रकम मूल्यांकन गरी बढी भएको रकम सरकारी बाँकी सरह असुल उपर गर्नुपर्नेछ ।

१९) आयोजना कार्यान्वयन गर्ने निकाय वा उपभोक्ता समितिले आयोजनाको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन अनुसूचीको ढाँचामा सम्झौतामा तोकिए बमोजिमको समयमा सम्बन्धित गाउँपालिकामा पठाउनु पर्नेछ ।

२०) गाउँपालिकाले आयोजना सञ्चालन एवम् कार्यान्वयनमा संलग्न उपभोक्ता समिति, सामुदायिक संस्था एवम् गैर सरकारी संघ संस्थाको अभिलेखीकरण गरी अनुसूची बमोजिमको ढाँचामा राख्नुपर्नेछ ।

२१) उपभोक्ता समितिसँग सम्झौता गर्नु अगाडि गाउँपालिकाको योजना शाखा वा योजना सम्बन्धी काम गर्ने कर्मचारीले प्रचलित कानून, कार्यविधि, निर्देशिका बमोजिम आवश्यक कागजात सहित उपभोक्ता समिति गठन भए नभएको बारे यकिन गरी आफ्नो स्पष्ट राय साथ सम्झौताका लागि निर्णय गर्ने अधिकारी समक्ष पेश गरी निर्णय भए बमोजिम गर्नुपर्ने छ ।

२२) गाउँपालिका र उपभोक्ता समिति बीचमा हुने सम्झौता पत्रमा आयोजनाको लागत, कार्य प्रारम्भ र सम्पन्न हुने अवधि, उपभोक्ता समितिले गर्ने योगदानको प्रकार र रकम, सम्बन्धित उपभोक्ताद्धारा सञ्चालन र मर्मत सम्भार गर्नुपर्ने विषय आदि उल्लेख गर्नुपर्नेछ ।

२३) उपभोक्ता समितिलाई सम्बन्धित गाउँपालिकाले लागत अनुमान तयार गर्ने, प्राविधिक सल्लाह दिने, जाँचपास लगायत अन्य प्राविधिक सहयोग उपलब्ध गराउनुपर्नेछ । गाउँपालिकाबाट प्राविधिक सेवा उपलब्ध गराउन कुनै कारणले सम्भव नभएमा सम्झौतामा उल्लेख गरी तोकिएको खर्चको सीमा भित्र रही उपभोक्ता समितिले आफ्नै तर्फबाट करारमा प्राविधिक नियुक्त गर्न वा प्राविधिक सहयोग लिन सक्नेछ ।

२४) उपभोक्ता समितिले कार्यक्रम सञ्चालन गर्दा उपभोक्ता समूहको निर्णयको आधारमा गर्ने, आयोजनाको निर्माण कार्य सम्बन्धित गाउँपालिकाको तर्फबाट तोकिएको प्राविधिकले तयार गरेको लागत अनुमान तथा प्राविधिक सल्लाहको अधीनमा रही गर्ने र आयोजना कार्यान्वयन गर्दा स्थानीय स्रोत, साधन र श्रम शक्तिको अधिकतम परिचालन गर्ने गरी

गर्नुपर्नेछ ।

२५) उपभोक्ता समितिले मासिक रुपमा बैंठक बस्नुपर्ने, बैठकबाट भएको निर्णय सम्बन्धित गाउँपालिकालाई जानकारी गराउने, आयोजना सञ्चालन, संरक्षण र मर्मत सम्भार गर्ने, आफूले जिम्मा लिएको काम निर्धारित समयमा सम्पन्न गर्न नसेकेमा उपभोक्ता समुहको निर्णय सहित थप म्याद माग गर्ने, कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित सम्पूर्ण खर्चहरुको बिल भरपाई सुरक्षित राख्ने, सम्बन्धित कामको प्रगति विवरण गाउँपालिकामा उपलब्ध गराउने, कामको फरफारक गराउनु अघि समीक्षाको लागि उपभोक्ता समूहको बैठक बोलाई बैठकमा राखी छलफल गराउने, यस्तो बैठकको उपस्थिति र निर्णयको प्रतिलिपि गाउँपालिकामा प्रस्तुत गर्ने आदि कार्य सम्पादन गर्नुपर्नेछ ।

२६) उपभोक्ता समितिले गरेको कामको लागत मूल्य, कार्य, कार्यस्थल, लागेको रकम, उपभोक्ता समितिको पदाधिकारीको नाम, कार्य शुरु तथा सम्पन्न मिति समेत खुल्ने गरी सम्बन्धित कार्यस्थलमा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन अनुसूची बमोजिमको ढाँचामा गाउँपालिकामा प्रस्तुत गर्नुपर्नेछ ।

२७) उपभोक्ता समिति मार्फत गरिएको निर्माण वा सञ्चालन गरेको कार्यक्रमको जानकारी स्थानीय जनताले माग गरेमा उपभोक्ता समितिले उपलब्ध गराउनुपर्नेछ । यसरी माग गरेको विवरण उपलब्ध नगराएको भनी सम्बन्धित उपभोक्ताले उपभोक्ता समिति भंग गर्न माग गरेमा सम्बन्धित गाउँपालिकाले सो विषयमा सत्य तथ्य बुझी उपभोक्ता समितिको पुनःगठन गर्न, समिति भंग गर्न वा अन्य माध्यमबाट कार्य सम्पन्न गर्न सक्नेछ ।

२८) उपभोक्ता समिति मार्फत सञ्चालन हुने वा निर्माण हुने विकास निर्माण कार्यको स्थलगत अनुगमन गर्ने जिम्मेवारी गाउँपालिका र वडा समितिको हुनेछ ।

२९) उपभोक्ता समितिले कामको लागि नियमानुसार लिएको पेश्की फछ्र्यौट गर्दा प्रथम किस्ताको प्राविधिक मूल्याङ्कन, सम्झौता अनुसारको नाप जाँच र मूल्य खुलेको रनिङ्गबिल, फोटो, उपभोक्ता समितिको बैठकको प्रतिलिपि समेत राखी गाउँपालिकामा निवेदन दिनुपर्नेछ । यस विवरणको आधारमा अघिल्लो किस्ताको पेश्की फछ्र्यौट गरी थप कामको मात्र अर्को किस्ता कायम गरी सोही बराबरको रकम उपलब्ध गराईनेछ । उपभोक्ता समिति स्वयंले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्नेछ ।

३०) उपभोक्ता समितिले कार्य सम्पन्न गरेपछि प्राविधिक जाँचपास र कार्यसम्पन्न प्रतिवेदन प्राप्त गरी गाउँपालिकाका प्रतिनिधिको रोहबरमा सार्वजनिक परीक्षण गराउनु पर्नेछ । फरफारकका लागि उक्त सार्वजनिक परिक्षणको प्रतिवेदन समेत पेश गर्नुपर्नेछ । अन्तिम भुक्तानी दिंदा उक्त योजनाको फोटो र सो अनुसार निर्माण भएको हो भनी

उपभोक्ता समितिको निर्णय तथा उपभोक्ता समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षको दस्तखत गराई सम्बन्धित फाईलमा समावेश गर्नुपर्नेछ ।

३१) उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरुको कार्यसम्पन्न भएपछि गाउँपालिकाले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्दछ । यसरी आयोजनाको हस्तान्तरण भएमा गाउँपालिकाको अनुमति लिई उपभोक्ता समितिले सेवा शुल्क लिन र सोको नियमित मर्मत सम्भार र सञ्चालनको व्यवस्था गर्न सक्नेछ । यसका लागि आवश्यकता अनुसार कार्यक्रम तथा आयोजना सञ्चालन कार्यविधि तयार गरी गाउँपालिकाबाट स्वीकृत गरी लागू गर्न सकिनेछ ।

३२) गाउँपालिका आफैंले संचालन गरेको वा उपभोक्ता समिति, गैर सरकारी संस्था लगायत अन्य सामाजिक संघसंस्था मार्फत सञ्चालन गरिने तालिम, गोष्ठि, सेमिनार, अभिमुखीकरण कार्यक्रम, कार्यशालाजस्ता कार्यक्रमहरुको भुक्तानी गर्दा उक्त कार्यक्रम संचालन गर्ने विषयमा भएको निर्णय, कार्यक्रम संचालन भएको स्थान र कार्यक्रम अवधि, कार्यक्रमको उद्देश्य र अपेक्षित उपलब्धि, कार्यक्रमका सहभागीको उपस्थिति, कार्यक्रमको कार्यतालिका, कार्यक्रममा प्रस्तुत भएको कार्यपत्रको प्रतिलिपी, कार्यक्रम संचालन गर्दाको अवस्थाका तस्वीरहरु सहित प्रचलित आर्थिक नियम बमोजिमका अन्य बील भर्पाइ र कागजात संलग्न गरी कार्यसम्पन्न प्रतिवेदनका आधारमा गर्नुपर्नेछ ।

३३) उपभोक्ता समितिले आयोजनाहरु संचालन गर्दा तोकिए बमोजिमको गुणस्तर कायम गर्ने गराउने दायित्व र जिम्मेवारी सम्बन्धित प्राविधिक कर्मचारी, अन्य कर्मचारी, उपभोक्ता समिति र अनुगमन तथा सहजीकरण समितिको हुनेछ ।

३४) अनुकरणीय कार्य गर्ने उपभोक्ता समिति, प्राविधिक कर्मचारी र सम्बन्धित कर्मचारीलाई गाउँसभाको निर्णय बमोजिम वार्षिक रुपमा पुरस्कार प्रदान गर्न सकिनेछ ।

३५) अनुगमन तथा सहजीकरण समितिको सम्बन्धमा देहाय बमोजिम गर्नुपर्नेछ ।

क) उपभोक्ता समिति वा ठेक्कापट्टा जुनसुकै प्रक्रियाबाट कार्यक्रम वा आयोजना संचालन वा कार्यान्वयनमा अनुगमन एवम् सहजीकरण गर्न सम्बन्धित आयोजना वा कार्यक्रमबाट प्रत्यक्ष लाभ हासिल गर्ने परिवार मध्येबाट कम्तीमा दुई जना महिला र वडा नागरिक मञ्चबाट एकजना प्रतिनिधि समेत रहेन गरी पाँच सदस्यीय अनुगमन तथा सहजीकरण समिति गठन गर्नुपर्नेछ ।

ख) खण्ड (क) बमोजिमको समिति ठेक्कापट्टाबाट सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा कार्यक्रम वा आयोजना प्रारम्भ हुनुभन्दा पहिले सो आयोजनामा

खटिएका कर्मचारीले र उपभोक्ता समितिबाट सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा सम्झौता हुनुपूर्व आयोजना अनुगमन तथा सहजीकरण समिति गठन गर्नुपर्नेछ । कार्यक्रम वा आयोजनाको अन्तिम भुक्तानी एवम् फरफारक गर्नुपूर्व यस्तो समितिको सिफारिश आवश्यक पर्नेछ ।

ग) आयोजना संचालनको क्रममा बाधा अवरोध आइपरेमा आवश्यक सहजीकरण गर्ने, सम्पन्न कार्यक्रम वा आयोजनाको सार्वजनिक परिक्षण गर्ने तथा गाउँपालिकासँग गरेको सम्झौता र प्रचलित कानून बमोजिम कार्यक्रम तथा आयोजना संचालन भएको नपाइएमा सम्बन्धित उपभोक्ता समितिका सदस्यहरुलाई र गाउँपालिकालाई सोको जानकारी गराउनु कार्यक्रम वा आयोजना अनुगमन तथा सहजीकरण समितिको कर्तव्य हुनेछ ।

घ) समितिले आयोजना सम्पन्न भएको सात दिनभित्र आयोजनाको अन्तिम भुक्तानी र फरफारकको निम्ति सिफारिश गर्नुपर्नेछ । समितिले आफ्नो दायित्व र जिम्मेवारी निर्वाह नगरेको, भुक्तानी र फरफारकको लागि सिफारिश नगरेको कारणबाट प्रचलित कानून बमोजिम भए गरेका कार्यको भुक्तानी दिन, फरफारक गर्न लगायतका थप कार्यहरु अगाडि बढाउन बाधा परेको मानिने छैन ।

ङ) गाउँपालिकाले कार्यक्रम वा आयोजना अनुगमन समितिको थप जिम्मेवारी र आचार संहिता निर्धारण गर्न सक्नेछ । यस्तो व्यवस्था आयोजना सम्झौता फाराममा उल्लेख गर्नुपर्नेछ ।

च) आयोजना सुपरिवेक्षण र अनुगमन समितिले आयोजना निर्माण सम्बन्धमा भएको प्रगति विवरण उपभोक्ता समिति र गाउँपालिकालाई उपलब्ध गराउने, आयोजना सञ्चालनबाट स्थानीय जनतालाई पुगेको सुविधा, सेवाको गुणस्तर, सेवामा वृद्धि गराउनु पर्ने अवस्था आदिको सुपरिवेक्षण गरी जानकारी लिने, आयोजना सञ्चालनको क्रममा देखा परेका बाधा व्यवधान हटाउनको लागि उपयुक्त सुझाव सहितको सिफारिस सम्बन्धित उपभोक्ता समिति र गाउँपालिकामा पेश गर्ने तथा उपभोक्ता समितिले गाउँपालिकासँग गरेको सम्झौता र प्रचलित कानून बमोजिम कार्यक्रम तथा आयोजना सञ्चालन भएको नपाइएमा सोको जानकारी गाउँपालिकामा गराउने दायित्व र जिम्मेवारी निर्वाह गर्नुपर्नेछ ।

## ४. सार्वजनिक निजी साझेदारी :

१) गाउँपालिकाले सञ्चालन गर्ने विकास निर्माण लगायत सेवा खरिद र सेवा प्रवाहका कार्य प्रचलित आर्थिक नियमावली अनुसार सार्वजनिक निजि साझेदारी अन्तर्गत गराउन सक्नेछ ।

२) निजीक्षेत्र आकर्षित हुनसक्ने सम्भावित क्षेत्रहरुको पहिचान गरी त्यस्ता क्षेत्रहरुमा साझेदारीमा काम गर्न गाउँपालिकाले निजी क्षेत्रलाई आह्वान गर्नुपर्नेछ ।

३) यसरी कार्य गराउँदा सार्वजनिक निजी साझेदारी नीति, २०६० एवमं सार्वजनिक निजी साझेदारी कार्यविधि, २०६१ बमोजिम गर्नु गराउनु पर्नेछ ।

४) गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेको गैर सरकारी संस्था, निजी क्षेत्र, सामुदायिक संस्थाबाट सञ्चालन हुने कार्यक्रम वा आयोजनामा परिपूरकता कायम गर्नुका साथै यस्ता संस्थाहरुसँग साझेदारीमा कार्यक्रम वा आयोजनाहरु सञ्चालन एवमं कार्यान्वयन गर्न सक्नेछ ।

## ५. ठेक्कापट्टासम्बन्धी व्यवस्था :

उपभोक्ता समितिबाट कार्य सम्पन्न हुन नसक्ने जटिल र प्राविधिक रूपमा कठिन प्रकृतिका आयोजनाहरूको गाउँपालिकाले प्रचलित कानूनको प्रक्रिया पुर्‍याई ठेक्कापट्टाद्धारा काम गराउनु पर्नेछ ।

## ६. सडक निर्माणसम्बन्धी विशेष व्यवस्था :

१) पूर्वाधार विकासबाट अधिकतम लाभ लिनका लागि सडक सुविधा पुग्ने क्षेत्रमा तत्काल रोजगारी र आयआर्जनमा बढावा दिनसक्ने कृषि (कृषि, पशुविकास र मत्स्य विकास) तथा गैर कृषि (लघुउद्योग, उद्यम, व्यवसाय) सम्बन्धी आर्थिक तथा सामाजिक विकासका क्रियाकलापहरू उक्त क्षेत्रमा नै संकेन्द्रित ( कन्सन्ट्रेट) गरी एक क्षेत्रले अर्को क्षेत्रको विकासमा परिपूरकता कायम हुने गरी सञ्चालन गर्नुपर्नेछ ।

२) सडकमा लगानी गर्दा नयाँ ट्र्याक खोल्ने कार्यलाई कम प्राथमिकता दिई भैरहेका सडकहरूलाई बाह्रै महिना सञ्चालन गर्न, सडकको स्तरोन्नतिका साथै सडक संरचना र पुल-पुलेसा निर्माणमा प्राथमिकता दिनु पर्नेछ ।

३) नयाँ ट्र्याक खोल्न अत्यावश्यक देखिएमा यातायात गुरू योजनाको प्राथमिकतामा परेको सडकमा मात्र नयाँ ट्र्याक खोल्न सकिनेछ र नयाँ ट्र्याक खोल्दा यातायात सेवा सञ्चालन भएको सडक खण्डलाई जोड्ने प्रवेश विन्दुदेखि मात्र क्रमशः निर्माण कार्य गर्नुपर्नेछ । साथै नयाँ ट्र्याक खोल्दा सडकसम्बन्धी सशर्त अनुदान बाहेक अन्य रकमबाट लगानी गर्न पाइने छैन ।

४) सडक निर्माण कार्यमा ठूला मेशिनरी उपकरणको प्रयोगमा कम प्राथमिकता दिनु पर्नेछ । तर प्राविधिकको परामर्शमा वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण संरक्षण नियमावली, २०५४ को साथै सामाजिक तथा वातावरणीय सुरक्षाको रूपरेखा, २०६५ को परिधिभित्र रही वातावरण तथा श्रममैत्री उपकरण प्रयोगमा बाधा पर्ने छैन ।

५) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र गाउँपालिका लगायत अन्य निकायबाट निर्माण भएका सम्पूर्ण सडकहरूको नक्शाङ्कन एवम् अद्यावधिक विवरण (रोड इन्भेन्ट्री) तयार गरी राख्नु पर्नेछ ।

६) सम्बन्धित निकायको स्वीकृति वेगर वातावरणमा प्रत्यक्ष रूपमा असर पुऱ्याउने खालका आयोजनाहरू तथा गाउँपालिकाको स्वीकृति वेगर स्थानीयस्तरका सडक निर्माणसम्बन्धी भौतिक पूर्वाधारका आयोजनाहरू सञ्चालन गर्न पाइने छैन ।

७) सडक निर्माणसम्बन्धी कार्य सञ्चालन गर्नुपूर्व सडकको क्षेत्राधिकार (राइट अफ वे) कायम गर्न लगत कट्टा गर्ने प्रक्रिया शुरू गरेको हुनु पर्नेछ । साथै सडकको दुबैतर्फ हरियाली कायम राख्न बृक्षारोपण समेत गर्नुपर्नेछ ।

## ७. आयोजना मर्मत संभार तथा हस्तान्तरण सम्बन्धी व्यवस्था :

१) पचासलाख रूपैयाँभन्दा माथि लागत भएका आयोजनाको हकमा आयोजनाको लागत अनुमान तर्जुमा गर्दाकै समयमा मर्मत सम्भारका लागि रकम छुट्याउनु पर्नेछ । सो भन्दा कम लागतका स्थानीय पूर्वाधारसम्बन्धी आयोजनाको हकमा मर्मत संभार विशेष कोषमा आवश्यक बजेट विनियोजन गरी उक्त कोषबाट मर्मत सम्भारको व्यवस्था मिलाउनु पर्नेछ ।

२) आयोजना सञ्चालन गर्ने निकायले सम्पन्न भईसकेका आयोजनाहरूको नियमित रेखदेख र मर्मत संभार कार्य आफैले गर्ने वा त्यस्ता आयोजनाको स्वामित्व समेत सम्बन्धित उपभोक्ता समिति, सामूदायिक संस्था वा गैरसरकारी संस्थालाई तोकिए बमोजिम हस्तान्तरण गरी दीगो सञ्चालन हुने व्यवस्था मिलाउनु पर्नेछ ।

३) हस्तान्तरित आयोजनाको नियमित सञ्चालन र मर्मत संभारका लागि उपभोक्ता समिति, गैर सरकारी संस्था वा सामुदायिक संस्थाले सम्बन्धित गाउँपालिकाबाट स्वीकृति लिई आवश्यक सेवाशुल्क तोकी आफ्नो कोष खडा गर्न सक्नेछन् ।

४) उपदफा (३) बमोजिमको कोषबाट कोषको वार्षिक आम्दानीको दश प्रतिशत वा पच्चीस हजारमध्ये जुन कम हुन्छ त्यति रकम प्रशासनिक कार्यमा खर्च गर्न सकिनेछ । बाँकी रकम सम्बन्धित आयोजनाको मर्मत संभार र स्तरोन्नतिका लागि खर्च गर्नुपर्नेछ ।

५) नियमित रूपमा मर्मत संभार नगर्ने आयोजनामा गाउँपालिकाबाट थप लगानी हुने छैन ।

## ८. जनसहभागिता एवम् लागत सहभागिता :

१) कार्यक्रम वा आयोजना तर्जुमा, सञ्चालन, अनुगमन तथा मूल्याङ्कन लगायत आयोजनाका प्रत्येक चरणमा अत्याधिक मात्रामा सहभागिता जुटाउने प्रयत्न गर्नु गाउँपालिकाको कर्तव्य हुनेछ ।

२) सहभागिताको मापदण्ड तयार गर्दा आयोजनाको प्रकृति, आयोजनास्थल, उपभोक्ताको क्षमता र गाउँपालिकाले अवलम्वन गरेको नीतिका अधीनमा रही

दश प्रतिशतमा कम नहुने गरी (नगद, श्रम वा स्थानीय सामग्री) निर्धारण गर्नुपर्नेछ । (कटिङ्ग मा कम्तिमा ३० प्रतिशत र स्टकचरमा कम्तिमा १० प्रतिशत)

तर सम्बन्धित गाउँपालिकाबाट सोभन्दा बढी सहभागिताको अंश निर्धारण गरिएकोमा सोही बमोजिम हुनेछ ।

३) सहभागिताको अंश निर्धारण गर्दा अति विपन्न परिवार र लक्षित समूहलाई विशेष सहुलियत दिनसकिने प्रावधान राख्न सकिनेछ । लागत सहभागिता व्यहोर्न नसकेको कारणबाट लक्षित समूहलाई आयोजनाको लाभबाट वञ्चित गराइने छैन ।

## ९. कार्यक्रम वा आयोजना सञ्चालन सम्बन्धी कार्यतालिका :

गाउँपालिकाको कार्यक्रम वा आयोजना सञ्चालन गर्दा देहायको समयतालिका अनुसार गर्नुपर्ने छ :-

| सि.नं. | कार्यहरू | समय तालिका |
|---|---|---|
| १ | चालू आर्थिक वर्षको वार्षिक कार्य तालिका (खरिद योजना सहित) निर्माण र स्वीकृती । | श्रावण मसान्तभित्र । |
| २ | वार्षिक कार्य तालिका अनुसार उपभोक्ता समितिको गठन र सम्झौता, ठेक्का पट्टा वा अन्य प्रक्रियाबाट आयोजना कार्यान्वयन, व्यवस्थापन र कार्यारम्भ आदेश । | वार्षिक कार्य योजना अनुसार कार्तिक मसान्तभित्र । |
| ३ | आयोजना सम्पन्न गर्ने अवधि । | ज्येष्ठ मसान्तभित्र । |
| ४ | जाँचपास र फरफारक । | आयोजना सम्पन्न भएको ३० दिनभित्र । |
| ५ | आगामी आर्थिक वर्षको कार्यक्रम र बजेट तर्जुमा गाउँसभाबाट पारित गर्ने । | असार १५ गते भित्र |

## १०. कार्यक्रम कार्यान्वयन तथा सञ्चालनमा सहयोग गर्नुपर्ने :

गाउँपालिकाबाट आफ्नो क्षेत्रभित्र सञ्चालन तथा कार्यान्वयन हुने कार्यक्रम वा आयोजनामा राजनैतिक दल, सामुदायिक संस्था, नागरिक समाज, गैर सरकारी संस्था, पेशागत संस्था एवम् सबै सरकारी एवम् गैर सरकारी संस्थाले आवश्यक सहयोग र सहजीकरण गर्नुपर्नेछ ।

# भाग - २

# अनुगमन एवम् मूल्याङ्कन

## ११. सुपरिवेक्षण तथा अनुगमन समिति :

१) गाउँपालिकाले आफ्नो क्षेत्रमा सञ्चालित विभिन्न कार्यक्रम वा आयोजनाहरूको समग्र अनुगमन तथा आयोजना सञ्चालनका क्रममा आईपर्ने समस्या समाधान गर्ने प्रयोजनका लागि देहाय बमोजिमको अनुगमन तथा विकास समस्या समाधान समिति गठन गर्नु पर्नेछ ।

**गाउँपालिका स्तरीय**

(क) गाउँपालिकाको अध्यक्ष - संयोजक
(ख) गाउँपालिकाको उपाध्यक्ष - सदस्य
(ग) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(घ) सम्बन्धित विषयगत शाखाको प्रमुख - सदस्य
(ङ) सम्बन्धित वडाको वडाध्यक्ष - सदस्य

**वडा स्तरीय**

(क) सम्बन्धित वडाको वडाध्यक्ष - संयोजक
(ख) सम्बन्धित वडा सदस्यहरु - सदस्य
(ग) सम्बन्धित वडा सचिव - सदस्य

२) उपदफा (१) बमोजिम गठन हुने समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क) आयोजनाको कार्यान्वनमा सहजीकरण गर्ने तथा देखिएका बाधा, व्यवधान र समस्या समाधानका लागि आवश्यक निर्देशन दिने ।

ख) आयोजनाको कार्यान्वयन कार्यतालिका अनुसार काम भए नभएको यकीन गर्ने र नगरेको पाइएमा सम्बन्धित पक्षलाई सचेत गराउने ।

ग) विषयगत कार्यालय र अन्य सरकारी क्षेत्रबाट सञ्चालित कार्यक्रम वा आयोजनाको समेत अनुगमन गर्ने ।

घ) गैरसरकारी संस्थाबाट सञ्चालित कार्यक्रम वा आयोजनाको प्रभावकारी अनुगमन गरी सोको चौमासिक र बार्षिक प्रतिवेदन गाउँपालिकामा पठाउने ।

३) उपदफा (१) बमोजिमको समितिले अनुगमनको क्रममा देखिएका विषयमा आवश्यक लेखाजोखा गरी आफ्नो सुझाव सहितको प्रतिवेदन चौमासिक रूपमा

गाउँपालिका अध्यक्ष समक्ष पेश गर्नेछ । यसरी प्राप्त प्रतिवेदनमाथि गाउँ कार्यपालिकाको बैठकमा छलफल गर्नुपर्नेछ ।

४) गाउँपालिकाले आफ्ना कार्यक्रम वा आयोजनाहरूको सुपरिवेक्षण तथा अनुगमन कार्ययोजना/कार्यतालिका बनाई सोको आधारमा नियमित रूपमा सुपरीवेक्षण, अनुगमन एवम् समीक्षा गर्नुपर्नेछ ।

५) समिति आफैले अनुगमन गर्न वा आवश्यकता अनुसार बढीमा पाँच सदस्यीय उप-समिति गठन गरी आयोजनाको सुपरीवेक्षण तथा अनुगमन गर्न वा अन्य कुनै पदाधिकारी वा कर्मचारीहरूलाई अनुगमनसम्बन्धी कार्यमा खटाउन सक्नेछ ।

६) समितिले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम, बाल संरक्षण अनुदान र व्यक्तिगत घटना दर्ता कार्यक्रम लगायत सामाजिक सुरक्षा सम्बन्धी समग्र कार्यक्रमको अनुगमन गर्नेछ ।

७) अनुगमनसम्बन्धी अन्य व्यवस्था सम्बन्धित गाउँपालिकाको कार्यपालिका बैठक वा गाउँसभाबाट तोकिए बमोजिम हुनेछ ।

८) गाउँपालिकाको स्रोतको रकमको सदुपयोग भए नभएको सम्बन्धमा गाउँपालिकाले अनुगमन गर्न सक्नेछ ।

९) उपदफा (१) बमोजिम अनुगमन समितिका पदाधिकारीहरुलाई आलोपालो आधारमा सहभागिता गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

## १२. अनुगमनसम्बन्धी थप व्यवस्था :

१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालित कार्यक्रम वा आयोजनाको अनुगमन, प्रगति प्रतिवेदन र त्यसको समीक्षा सहितको विवरण गाउँसभामा छलफल गराई सोको प्रतिवेदन सम्बन्धित निकायमा पठाउनु पर्नेछ ।

२) गाउँपालिकाको क्षेत्रभित्र सञ्चालित कार्यक्रम तथा बजेटको तर्जुमा, कार्यान्वयन र अनुगमन प्रक्रियामा वातावरणीय पक्ष, लैङ्गिक तथा सामाजिक समावेशीकरणजस्ता विषयलाई पर्याप्त ध्यान दिए नदिएको बारेमा सुपरीवेक्षण तथा अनुगमन गर्नुपर्नेछ । यसरी कार्यक्रम तथा बजेटको लैङ्गिक बजेट परीक्षण गर्दा "स्थानिय निकाय लैङ्गिक उत्तरदायी तथा सामाजिक वजेट तर्जुमा एवं परीक्षण निर्देशिका, २०६८" बमोजिम गर्नुपर्नेछ ।

## १३. आयोजना जाँचपास र फरफारक सम्बन्धी व्यवस्था :

१) गाउँपालिकाले आयोजना सम्पन्न भएको जानकारी प्राप्त भएपछि भौतिक पूर्वाधार आयोजनाको हकमा सम्बन्धित प्राविधिकले पेश गरेको अन्तिम मूल्यांकन, कार्य सम्पन्न प्रतिवेदन र सार्वजनिक परीक्षणको प्रतिवेदन तथा अन्य क्रियाकलापको हकमा सार्वजनिक परीक्षणको प्रतिवेदनको आधारमा तीस दिनभित्र आयोजनाको जाँचपास गर्नुपर्नेछ ।

२) गाउँपालिकाले विषयगत कार्यालय, अन्य निकाय वा संघ संस्थाबाट सञ्चालित आयोजनाको सम्बन्धित निकायबाट कार्यसम्पन्न प्रतिवेदन प्राप्त भएपछि आवश्यक जाँचवुझ गरी ३० दिनभित्र जाँचपास गर्नुपर्नेछ ।

३) गाउँपालिकाले आयोजना जाँचपास भएपछि फरफारक गरिदिनु पर्नेछ । फरफारक भएका आयोजनाहरूका गाउँपालिकाको गाउँसभाबाट अनुमोदन गराउनु पर्नेछ ।

## १४. प्रगति प्रतिवेदन एवम् समीक्षासम्बन्धी व्यवस्था :

१) गाउँपालिकाले प्रचलित ऐन, नियम, कार्यविधि बमोजिम कार्यक्रम वा आयोजनाहरूको चौमासिक र वार्षिक रूपमा प्रगति समीक्षा एवम् मूल्यांकन गर्नुपर्नेछ ।

२) गाउँपालिकाबाट सञ्चालित कार्यक्रम वा आयोजनाको प्रगति प्रतिवेदन एवम् समीक्षा देहाय बमोजिम हुनेछ :-

क) गाउँपालिकाको सभाबाट स्वीकृत बजेट र कार्यक्रमको एक प्रति सम्बन्धित निकायमा पठाउने जिम्मेवारी सम्बन्धित सचिवको हुनेछ ।

ख) गाउँपालिकाबाट सञ्चालित कार्यक्रम वा आयोजनाको चौमासिक र वार्षिक रूपमा प्रगति समीक्षा गर्नुपर्नेछ ।

ग) गाउँपालिकाबाट सञ्चालित कार्यक्रम वा आयोजनाको वित्तीय एवम् भौतिक प्रगति प्रतिवेदन तोकिएको ढाँचामा तयार गरि देहायको समयावधि भित्र सम्बन्धित निकायमा पठाउनुपर्नेछ ।

| सि.नं. | विवरण | गाउँपालिकाको कार्यालय |
|---|---|---|
| १ | मासिक प्रगति प्रतिवेदन । | प्रत्येक महिनाको सात गतेभित्र । |
| २ | पहिलो चौमासिक प्रतिवेदन । | मंसिर सात गतेभित्र । |
| ३ | दोस्रो चौमासिक प्रतिवेदन । | चैत्र सात गतेभित्र । |
| ४ | तेस्रो चौमासिक/वार्षिक प्रतिवेदन । | श्रावण पन्ध्र गतेभित्र । |
| ५ | पूँजिगत अनुदान, क्षमता विकास अनुदान र सामाजिक परिचालन अनुदानबाट सञ्चालन गरिने आयोजनाहरूको आयोजना लगानी विवरण । | तयार भएको मितिले सात दिन भित्र । |
| ६ | गाउँसभा तथा कार्यपालिकाका निर्णयहरू । | निर्णय भएका मितिले सात दिन भित्र । |
| ७ | आफ्नो क्षेत्रमा सञ्चालित मुख्य कार्यक्रम वा आयोजनाहरूको एकीकृत रूपमा सूचनामूलक वार्षिक प्रतिवेदन । | आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र । |
| ८ | वित्तीय प्रतिवेदन । | महिना समाप्त भएको सात दिन भित्र । |
| ९ | वार्षिक आर्थिक विवरण । | श्रावण महिनाको सात गते भित्र |
| १० | आन्तरिक लेखापरीक्षण प्रतिवेदन । | प्रतिवेदन प्राप्त भएको मितिले सात दिन भित्र |
| ११ | गत आर्थिक वर्षको अन्तिम लेखापरीक्षण प्रतिवेदन । | प्रतिवेदन प्राप्त भएको मितिले सातदिन भित्र |

## १५. प्रभाव अध्ययन :

गाउँपालिकाबाट सञ्चालित पचासलाख भन्दा बढी लागतका कार्यक्रम वा आयोजना सम्पन्न भएको तीन वर्षपछि कम्तीमा दुई वटा आयोजनाको प्रभाव मूल्याङ्कन गराउनु पर्नेछ । यसरी मूल्याङ्कनबाट सिकिएका पाठहरूलाई नयाँ कार्यक्रम वा आयोजना छनौट तथा कार्यान्वयन गर्दा पृष्ठपोषणको रूपमा लिने पद्दतिको विकास गर्नुपर्नेछ ।

## १६. मूल्याङ्कन तथा पुरस्कार सम्बन्धी व्यवस्था :

१) यस कार्यविधिमा उल्लिखित प्रावधानहरुको पालना भए नभएको तथा तोकिएको समयभित्रै कार्यक्रम वा आयोजना सम्पन्न गरे नगरेको आधारमा गाउँपालिकाले वडा समिति, उपभोक्ता समिति, विद्यालय, स्वास्थ्य संस्था लगायत आयोजना कार्यान्वयन गर्ने संस्थाको उचित मूल्याङ्कन गर्नेछ ।

२) उपदफा (१) बमोजिम मूल्याङ्कनको आधारमा गाउँपालिकाले सम्वन्धित संस्था र त्यस्तो संस्थामा कार्यरत उत्कृष्ट कार्य गर्ने कर्मचारीलाई पुरस्कारको व्यवस्था गर्नसक्नेछ ।

३) गाउँपालिकाले गरेको मूल्याङ्कनको आधारमा उत्कृष्ट कार्य गर्ने गाउँपालिका तथा वडा कार्यालयको कर्मचारीलाई पुरस्कारको व्यवस्था गर्नसक्नेछ ।

४) गाउँपालिकाले तोकेको मापदण्ड बमोजिम आफ्नो क्षेत्रको विकासमा उत्कृष्ट योगदान पुऱ्याउने व्यक्ति, समाजसेवी, कर्मचारी, उपभोक्ता समिति, सामुदायिक संस्था, टोल विकास संस्था, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र, गैर सरकारी संस्था, विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समिति, वन उपभोक्ता समिति, कृषि समितिका पदाधिकारी एवम् कर्मचारीहरुलाई पुरस्कृत गर्न सक्नेछ ।

# भाग-३

## १७. विविध

१) आयोजना/कार्यक्रम कार्यान्वयन, वस्तु वा सेवा खरिद वा निर्माण कार्य गर्दा लागतमा जनसहभागिता जुट्ने हकमा सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ९७ बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउनुपर्नेछ ।

२) लागतमा जनसहभागिता जुटन नसक्ने, उपभोक्ता समिति वा लाभग्राही समूहबाट काम हुन नसक्ने, उपभोक्ता समिति गठन हुन नसकेको अवस्था र परामर्श सेवा खरिद लगायतको हकमा प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा उल्लेखित प्रावधान बमोजिम खरिद वा निर्माण कार्य गराउनु पर्नेछ ।

३) उपभोक्ता समिति वा लाभग्राही समूहले पाएको काम आफै सम्पादन गर्नुपर्नेछ । कुनै निर्माण व्यवसायी वा सव-कन्ट्राक्टरबाट गराउन पाउनेछैन ।

४) दफा (१) को उपदफा १(च) बमोजिम पेश्की दिनुपर्ने गरी सम्झौता भएको हकमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(५) बमोजिम बढीमा एक तिहाई रकम दिईनेछ ।

५) यस कार्यविधिको कार्यान्वयनका क्रममा कुनै बाधा अवरोध वा अस्पष्टता भएमा त्यस्तो वाधा अवरोध फुकाउने प्रयोजनका लागि गाउँ कार्यपालिकाले आवश्यकता अनुसार थप व्याख्या, थपघट र हेरफेर गर्न सक्नेछ ।

६) यस कार्यविधिका कुनै प्रावधानहरु प्रचलित कानून एवं ऐन नियमावलीसँग बाझिएको पाइएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

७) यो कार्यविधि अन्तरिम व्यवस्थापनका लागि मात्र तयार गरिएको छ ।

# भाग-४

## अनुसूचीहरु

# योजना सम्झौता फाराम

श्रोत............................................... ब.सि.नं . ......................................

## १. सम्झौता गर्ने र आयोजना

**(क) सम्झौता गर्ने पक्षको नाम र ठेगाना**

१.

२.

**(ख) आयोजनाको विवरण**

१. नाम :-

२. ठेगाना :-

३. उद्देश्य :-

४. आयोजना स्वीकृत गर्ने निकाय :-

५. आयोजनाको अनुमानित आयु :-

## २. आयोजनाको लागत सम्बन्धी विवरण

**(क) नक्सा भए नभएको :**

**(ख) लागत अनुमान रु.**

**(ग) लागत व्यहोर्ने श्रोतहरु :**

१. नेपाल सरकारबाट रु.

२. जिल्ला समन्वय समितिबाट रु.

३. गाउँपालिकाबाट रु.

४. गैरसरकारी संघ संस्थाबाट रु.

५. समुदायमा आधारित संस्थाबाट रु.

६. विदेशी दातृ संघ संस्थाबाट रु.

७. उपभोक्ता समितिबाट रु.

८. अन्यबाट रु.

| (घ) निर्माण सामाग्री र श्रम : | परिमाण | सामाग्रीको नाम | एकाई | श्रम |
|---|---|---|---|---|
| १. सम्बन्धित विषयगत शाखा वा कार्यालयबाट : | | | | |
| २. गाउँपालिकाबाट : | | | | |
| ३. उपभोक्ता समितिबाट : | | | | |
| ४. गैर सरकारी संघ-संस्थाबाट : | | | | |
| ५. अन्यबाट : | | | | |

**(ङ) आयोजनाबाट लाभान्वित हुने**

१. घरपरिवार संख्या :-

२. जनसंख्या :-

३. समुदाय :-

४. अन्य :-

## ३. आयोजना कार्यान्वयन

१. उपभोक्ता समिति वा गैर सरकारी संस्था, समुदायमा आधारित संस्था गठन गर्ने निकायको नाम र ठेगाना :-

२. गठन भएको मिति :-

३. उपभोक्ता समिति वा गैर सरकारी संस्था समुदायमा आधारित संस्थाका पदाधिकारीको नामावली :-

क) अध्यक्ष :- श्री

ख) उपाध्यक्ष :- श्री

ग) कोषाध्यक्ष :- श्री

घ) सचिव :- श्री

ङ) सह-सचिव :- श्री

च) सदस्य :- श्री

छ) सदस्य :- श्री

ज) सदस्य :- श्री

झ) सदस्य :- श्री

ञ) सदस्य :- श्री

ट) सदस्य :- श्री

ठ) सदस्य :- श्री

ड) सदस्य :- श्री

ढ) सदस्य :- श्री

ण) सदस्य :- श्री

गठन गर्दा उपस्थित लाभान्वित संख्या :-

गठन गर्दा उपस्थित लाभान्वित संख्या :-

## ४. आयोजना संचालन सम्बन्धी अनुभव :-

**५. उपभोक्ता समिति वा संघ-संस्थाले प्राप्त गर्ने :-**

| किस्ताको क्रम | किस्ताको रकम | मिति |
|---|---|---|

**६. आयोजना मर्मत-सम्भार व्यवस्था :-**

१. मर्मत-सम्भारको जिम्मा लिने समिति/संस्थाको नाम :
२. जनश्रमदान-श्रमशक्ति संख्या :
३. शुल्कबाट रु.
४. दस्तुर चन्दा रु.
५. लागत सहभागिता अनुदान रु.
६. ब्याज, अन्य बचत :

**७. अन्य प्राविधिक/व्यवस्थापन सम्बन्धी :**

**सम्झौता शर्त :-**

१. प्राप्त रकम तथा निर्माण सामग्री सम्बन्धित आयोजनाको उद्देश्यका लागि मात्र प्रयोग गर्ने/गराउने छौं ।
२. आयोजना सम्पन्न भएपछि गाउँपालिकाबाट जाँचपाँस गरी फरफारक लिनेछौं ।
३. आम्दानी/खर्चको विवरण र कार्य प्रगतीको जानकारी उपभोक्ता समूहलाई छलफल गराई अर्को किस्ता माँग गर्नेछौं ।
४. नगदी जिन्सी सामानको प्राप्ती खर्च र बाँकी तथा आयोजनाको प्रगती विवरण अभिलेख आदी तयार गरि राख्ने छौं ।
५. आयोजनाको कूल लागत भन्दा घटी लागतमा आयोजना सम्पन्न भएको अवस्थामा सो मुताविकनै अनुदान र श्रमदानको प्रतिशत निर्धारण गरि भुक्तानी लिन दिन सहमत छौ ।
६. आयोजना संचालन गर्ने निकायले आयोजनाको मर्मत संभारको व्यवस्था गर्ने छ ।
७. आयोजनाको सबै काम उपभोक्ता समिति/समूहको निर्णय अनुसार गर्ने गराउने छौं ।
८. आयोजना मिति ..........................देखि शुरु गरि मिति .......................... सम्ममा पुरा गर्ने गराउने छौं ।
९. आयोजनामा भएको आम्दानी र खर्चको विवरण गाउँपालिकाको रोहवरमा सार्वजनिकीकरण गराई सो को निर्णय प्रतिलिपी, उपभोक्ता समितिको बैठकको निर्णय प्रतिलिपी र अनुगमन तथा निरीक्षण समितिको बैठकको निर्णय प्रतिलिपि, उपभोक्ता समितिको बैठकको निर्णय प्रतिलिपी र अनुगमन तथा निरीक्षण समितिको बैठकको निर्णय प्रतिलिपीसाथ वडा कार्यालयको सिफारिस पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।
१०. धरौटी रकम फिर्ता योजना जाँच पास तथा फरफारक भएको मितिले निर्माण तथा मर्मत संभार भएमा ६ महिना र अन्य कार्यक्रमहरु भएमा ३ महिना पछि मात्र उपभोक्ता समितिको बैठकको निर्णय प्रतिलिपी पेश भई आए पछि मात्र लिनेछौं/दिनेछौं ।

**११. अन्य शर्तहरु :-**

क) निर्माण कार्य सम्पन्न भए पछि शुरु हुनुभन्दा अघि, निर्माणाधिन अवस्था र सम्पन्न भएपछिको १-१ प्रति फोटो पेश गर्नुपर्नेछ ।

ख) २ लाख भन्दा माथिको योजनामा अनिवार्य रुपमा योजनाको सम्पूर्ण विवरण खुल्नेगरी होर्डिङ्ग वोर्ड राख्नु र सो को प्रमाणका लागि फोटो अनिवार्य पेश गर्नुपर्नेछ ।

**उपर्युक्त बमोजिम गर्न गराउन हामी मञ्जुर छौं ।**

**उपभोक्ता समिति, गै.स.स./अन्य**

**गाउँपालिकाको तर्फबाट**

**सही :**

**नाम :**

**दर्जा :**

| नाम | पद | सही |
|---|---|---|
| | अध्यक्ष | |
| | सचिव | |
| | कोषाध्यक्ष | |

इति सम्बत् २०....... साल ......................महिना..........गते..................रोज शुभम् ।

अनुसूची-२

# खर्च सार्वजनिक सूचना फाराम

मितिः २०    ।    ।

श्री ..............................

........................................................ कार्यालय

**१. आयोजनाको नाम :-**

**२. आयोजना स्थल :-**

**३. विनियोजित बजेट :-**

**४. आयोजना स्वीकृत भएको आ.व. :-**

**५.आयोजना सम्झौता भएको मिति :-**

**६. काम सम्पन्न गर्नु पर्ने मिति :-**

**७. काम सम्पन्न भएको मिति :-**

**८. उ.स. को बैठकले खर्च स्वीकृत गरेको मिति :-**

## खर्च विवरण

**अ) अनुदान तर्फ**

**क) निर्माण सामाग्री (आयात गर्नुपर्ने सामान) :-**

१.
२.
३.
४.

**ख) कामदार विवरण :-**

१. सिपालु दिन सङ्ख्या :-
२. ज्यामी दिन सङ्ख्या :-

**ग) ढुवानी विवरण :-**

१. ट्रक/ट्याक्टर भाडा
२. मानिसद्धारा ढुवानी

**घ) मेशिन तथा औजार**

१.
२.

**आ) श्रमदान तर्फ**

**क) निर्माण सामाग्री (स्थानीय सामाग्री) :-**

१.
२.
३.
४.

**ख) कामदार विवरण :-**

१. सिपालु दिन सङ्ख्या :-
२. ज्यामी दिन सङ्ख्या :-

**ग) ढुवानी विवरण :-**

१. ट्रक/ट्याक्टर भाडा
२. मानिसद्धारा ढुवानी

**घ) मेशिन तथा औजार**

१.
२.

## खर्च सार्वजनिक समयको उपस्थिति :-

**१. उपभोक्ता समिति/समूहका पदाधिकारीहरु**

क)
ख)
ग)
घ)
ङ)
च)
छ)
ज)
झ)
ञ)
ट)
ठ)
ड)

**२. स्थानीय सामाजिक संघ संस्थातर्फ**

क)
ख)
ग)
घ)
ङ)
च)
छ)
ज)
झ)
ञ)
ट)
ठ)
ड)

उपरोक्त खर्च विवरण उपभोक्ता भेला तथा बैठकमा निर्णय गरी जानकारीको लागि तयार गरिएको व्यहोरा प्रमाणित गरिएको छ । साथै उपभोक्ता तथा स्थानीय सामाजिक संघसंस्थाको रोहवरमा सम्पन्न आयोजनाको निर्माण कार्य सम्पन्न भएको र सो आयोजना बारे सार्वजनिक जानकारी सबै सरोकारवालाहरुलाई यस सूचना सार्वजनिक स्थलको सूचनापाटीमा टाँस गरिएको छ ।

**द्रष्टव्यः** सार्वजनिक परिक्षण कार्यक्रममा उपस्थित सरोकारवालाको उपस्थिति अनिवार्य रुपमा संलग्न हुनुपर्नेछ ।

रोहवर

......................................
नाम :
उपभोक्ता समितिको सचिव

......................................
नाम :
उपभोक्ता समितिको अध्यक्ष

........................................

**अनुसूची-३**

**उपभोक्ता समितिको भौतिक तथा वित्तिय प्रगति प्रतिवेदन**

## विवरण पेश गरेको कार्यालय ..................................

मितिः २०  ।  ।

**१. आयोजनाको विवरण :**

आयोजना नाम :-

वडा नं. : टोल : बस्ती : उपभोक्ता समितिका अध्यक्ष : सचिव :

**२. आयोजनाको लागत :**

प्राप्त अनुदान रकम रु. ................................................चन्दा रकम रु. .....................................

जनसहभागिता रकम रु. ................................................जम्मा रकम रु. .....................................

**३. हालसम्मको खर्च रु. :**

**क. स्थानीय तहबाट प्राप्त रकम :**

१. निर्माण सामाग्रीमा (सिमेन्ट, छड, काठ, ढुंगा वा फुवा, गिट्टी, उपकरण आदि) रु.

२. ज्याला :- दक्ष रु. :- अदक्ष रु. :- जम्मा रु. :-

३. मसलन्द सामान (कपि, कलम, मसी, कागज आदि) रु.

४. दैनिक भ्रमण भत्ता (सम्झौतामा स्वीकृत भए) रु.

५. प्राविधिक निरीक्षण बापत खर्च (सम्झौतामा स्वीकृत भए) रु.

६. अन्य

**ख. जनसहभागिताबाट व्यहोरिएको खर्च रु. :**

श्रमको मूल्य बराबर रकम रु.

जिन्सी सामान मूल्य बराबर रकम रु.

कूल जम्मा रु.

**४. प्राविधिक प्रतिवेदन बमोजिम मूल्यांकन रकम रु.**

**५. उपभोक्ता समूहको निर्णय बमोजिम/समीक्षाबाट खर्च देखिएको रु.**

**६. कार्यान्वयनमा देखिएका मूख्य समस्याहरु :**

क.

ख.

ग.

**७. समाधानका उपायहरु**

क.

ख.

ग.

**८. स्थानीय तह र अन्य निकायबाट अनुगमन भए अनुगमनको सुझाव :**

**९. हाल माग गरेको किस्ता रकम रु.**

**१०. मुख्य खर्च प्रयोजन**

**११. प्राप्त रकम आयोजना बाहेक अन्य कार्यमा खर्च गर्ने गराउने छैनौं ।**

| ............................... | ............................... | ............................... | ............................... |
|---|---|---|---|
| तयार गर्ने | सचिव | कोषाध्यक्ष | अध्यक्ष |

अनुसूची -४

## उपभोक्ता समिति, सामुदायिक संस्था वा गैरसरकारी संस्थाको लगत
## रोङ गाउँपालिका, इलाम

कार्यक्रम/आयोजनाको नाम :
उपभोक्ता समिति/ठेकेदार/सामुदायिक संस्था/गैससको नाम :
उपभोक्ता समिति दर्ता मिति : गठन भएको मिति :
उपभोक्ता समितिको बैंकको नाम र खाता नं. :

| **क.सं.** | **पद** | **नाम** | **ठेगाना** | **कैफियत (ठेकेदारको हकमा ठेकेदारको नाम लेख्ने ।)** |
|---|---|---|---|---|
| १ | अध्यक्ष : | | | |
| २ | उपाध्यक्ष : | | | |
| ३ | सचिव : | | | |
| ४ | कोषाध्यक्ष : | | | |
| ५ | सदस्यहरु : | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |

**द्रष्टव्य :** *प्रत्येक आयोजना कार्यान्वयन गर्ने उपभोक्ता समिति वा ठेकेदारको विवरण छुट्टाछुट्टै तयार गरी राख्नुपर्नेछ ।*

**अनुसूची-५**

**सार्वजनिक परीक्षण फारामको ढाँचा**

## पेश गरेको कार्यालय ..................................

मितिः २०  ।  ।

**१. आयोजनाको नाम :**

क) नाम : ख) स्थल :

ग) लागत अनुमान : घ) आयोजना शुरु हुने मिति :

ङ) आयोजना सम्पन्न हुने मिति :

**२. उपभोक्ता समिति/सामुदायिक संस्थाको**

क) नाम :

ख) अध्यक्षको नाम :

ग) सदस्य संख्या : महिला : पुरुष :

**३. आम्दानी खर्चको विवरण :**

**क) आम्दानी तर्फ**

| आम्दानीको श्रोत (कहाँबाट कति नगद तथा जिन्सी प्राप्त भयो खुलाउने) | रकम वा परिमाण | कैफियत |
|---|---|---|
| | | |
| | | |

**ख) खर्च तर्फ**

| खर्चको विवरण | दर | परिमाण | जम्मा |
|---|---|---|---|
| १. सामग्री (के के सामग्री खरिद भयो ?) | | | |
| | | | |
| | | | |
| २. ज्याला (केमा कति भुक्तानी भयो ?) | | | |
| | | | |
| | | | |
| ३. श्रमदान (कति जनाले श्रमदान गरे ?) | | | |
| | | | |
| | | | |
| ४. व्यवस्थापन खर्च (ढुवानी तथा अन्य खर्च) | | | |
| | | | |

**ग) मौज्दात**

| विवरण | रकम वा परिमाण | कैफियत |
|---|---|---|
| १. नगद | | |
| बैंक | | |
| व्यक्तिको जिम्मा | | |
| २. सामग्रीहरु | | |
| | | |

**घ) भुक्तानी दिन बाँकी**

| विवरण | रकम वा परिमाण |
|---|---|
| | |

**४. सम्पन्न आयोजनाको लक्ष्य तथा प्रगति विवरण**

| कामको विवरण | लक्ष्य | प्रगति |
|---|---|---|
| १. नगद | | |

**५. आयोजना सञ्चालन गर्दा आयोजक संस्थामा कामको जिम्मेवारी बाँडफाँड (कस कसले कस्तो कस्तो कामको जिम्मेवारी लिएका थिए ? खुलाउने**

**६. आयोजनाले पुऱ्याएको लाभ तथा प्रत्यक्ष रुपमा लाभान्वित जनसंख्या (आयोजना सञ्चालन भएको स्थानका उपभोक्ताहरु) को उपस्थिति ।**

| क्र.सं. | नाम, थर | संस्था/ठेगाना | पद | उपस्थिति/हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

आज्ञाले,
डिक प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत